**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 28.06.2025**

**Parliamentary Minister: Vishnu neupane**

राज्यसभा संसद सदस्य एवं यातायात, पर्यटन तथा संस्कृति विभाग सम्बन्धित संसदीय स्थायी समितिका अध्यक्ष सञ्जय कुमार झाको नेतृत्वमा 31 सदस्यीय समिति पाँच दिने सिक्किम अध्ययन भ्रमणका क्रममा आज गान्तोक आइपुग्यो। समितिले भ्रमणका क्रममा पर्यटन तथा नागरिक उड्डयन विभाग, सडक तथा पुल विभाग र सांस्कृतिक मामिला तथा धरोहर विभागका अधिकारीहरूसँग भिनाभिन्नै बैठक गर्ने कार्यक्रम छ। भ्रमणले सिक्किममा पर्यटन पूर्वाधार, राष्ट्रिय राजमार्गको विकास र मर्मतसम्भार, सांस्कृतिक सम्पदा र स्थानीय तथा स्वदेशी कलाको प्रवर्धनका क्षेत्रमा भएका कामहरूको जायजा लिनेछ। बागडोगरा विमानस्थलमा प्रतिनिधिमण्डललाई सिक्किम सरकारको गृह विभागको अतिथि-सत्कार सहायक प्रोटोकल अधिकारी र अन्य अधिकारीहरूले स्वागत गरे।

**NH-10: IPR**

मुख्यमन्त्री प्रेमसिंह तामाङको निरन्तर प्रयासपछि केन्द्रले मल्ली-सिङ्ताम राष्ट्रिय राजमार्गलाई NH-210 घोषणा गरेको छ। एक ऐतिहासिक निर्णयमा, भारत सरकारको सडक यातायात तथा राजमार्ग मन्त्रालयले राजपत्र अधिसूचना मार्फत मल्लीदेखि सिङ्तामसम्मको २३ किलोमिटर सडक-खण्डलाई आधिकारिक रूपमा राष्ट्रिय राजमार्ग २१० का रूपमा घोषणा गरेको छ। नयाँ घोषित NH-210 मल्लीको टिस्टा पुल जंक्शनबाट सुरु भएर सिङ्ताम नजिकै NH-510 लाई भेट्नुअघि माम्रिङ र समरडोङ हुँदै जान्छ।

**Battlefield Tourism: Vishnu Neupane**

आगामी दसैं-तिहारमा सिक्किमको मनमोहक दृश्यहरूले आकर्षित पार्न अब भारत रणभूमि दर्शन पहलअन्तर्गत दोक्लाम, नथुला र छोलालाई ऐतिहासिक युद्धक्षेत्र पर्यटन स्थलका रूपमा सञ्चालन गरिने पर्यटन एवं नागरिक उड्डायन विभागका अतिरिक्त मुख्य सचिव सी.एस. रावले जानकारी दिनुभयो। गत सप्ताह पर्यटन विभागीय मन्त्री, जनकार्य विभागीय मन्त्री, नाथाङ-माछोङका विधायकलगायत पर्यटन विभागीय प्रमुखहरूको टोली र भारतीय सेनाका अधिकारीहरूले छोला रणभूमि पर्यटन क्षेत्रको भ्रमण गरी सम्पूर्ण तयारीको जायजा लिएका थिए। अब दोक्लामको पनि चाँडै भ्रमण गरी सबै तयारी पूरा गर्ने दिशामा भारतीय सेना र स्थानीय प्रशासनिक निकायहरूले युद्धस्तरमा काम गरिरहेका छन्। श्री रावले अब यी दुईवटा दोक्लाम र छोला रणभूमि पर्यटन स्थलहरू खोलिएको खण्डमा पर्यटकहरूको सङ्ख्यामा बृद्धि हुने अनि यस दिशामा सिक्किम सरकार, पर्यटन विभाग, भारतीय सेना र स्थानीय प्रशासनले अघिबाटै गृहकार्य गरिसकेको र यसलाई चाँडै कार्यन्वयन गर्ने जानकारी दिनुभयो।

**Mission Revival: IPR**

पाकिमका अतिरिक्त जिल्लापालको कार्यालयले खेतीका लागि बाँझो जग्गाको पुनरुत्थान अभियान अन्तर्गत आफ्नो पहल जारी राखेको छ। कनेक्ट अर्थ-स्वेट योगदान केन्द्रमा सञ्चालित यो प्रयास कोदो खेतीमा केन्द्रित श्रृङ्खला ४२ मा पुगेको छ। ग्राम पञ्चायत एकाइहरूले लगभग ५०० किलोग्राम कोदोको बिरुवा तयार पारिरहेका छन्। बिरुवा बुकिङ सुरु भइसकेको छ र पहिलो चरण जुलाईको पहिलो हप्तामा सुरु हुने अपेक्षा गरिएको छ। सम्पूर्ण युवावर्ग, कामदार, स्वयं सहायता समूह, गैरसरकारी संस्था, किसान र अन्य सहभागीहरूलाई चाँडै बिरुवा बुक गर्न आमन्त्रित गरिएको छ। यस पहलले भूमि प्रयोगलाई बढावा दिनका साथै स्थानीय खाद्य प्रणालीलाई टेवा दिँदछ।

**Training- Plastic Waste: IPR**

केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डले तोकेको पद्धतिअनुसार प्लास्टिक फोहोरको मूल्याङ्कन र विशेषता निर्धारण गर्ने तालिम कार्यक्रम आज गेजिङमा अतिरिक्त जिल्लापालको कार्यालय परिसरमा सञ्चालन गरियो। सहभागीहरूले प्लास्टिक फोहोरको मूल्याङ्कन र विशेषता निर्धारण गर्न सक्रिय रूपमा सहयोग गरे। तालिमले प्रभावकारी फोहोर व्यवस्थापन रणनीतिहरू विकास गर्न, पुन: प्रयोगको सम्भावना पहिचान गर्न र प्लास्टिक फोहोर व्यवस्थापन नियमहरूको पालना सुनिश्चित गर्न उत्पादन हुने प्लास्टिक फोहोरको प्रकार र मात्रा बुझ्नु किन आवश्यक छ भन्ने कुरामा प्रकाश पाऱ्यो।

**Table Tennis: Sagar Chettri**

आज पाल्जर स्टेडियमको इन्डोर जिम्नेजियममा सुरु भएको सिक्किम स्टेट ओपन भेट्रेन्स र युटीटी यु-१५ र यु-१७ टेबल टेनिस च्याम्पियनशिप २०२५ मा सिक्किमका विभिन्न भाग र बाहिरका लगभग २५० खेलाडीहरूले भाग लिइरहेका छन्। यो दुईदिन च्याम्पियनसिप सिक्किम राज्य स्थापनाको पचासौँ वर्षको उत्सवको भागका रूपमा सिक्किम भेट्रेन्स टेबल टेनिस संघले आयोजना गरेको हो। आज बिहान आयोजित च्याम्पियनशिपको उद्घाटन समारोहमा सिक्किम अलम्पिक एसोसिएसनका उपाध्यक्ष र महासचिव उपस्थित हुनुहन्थ्यो। च्याम्पियनशिपको पुरस्कार वितरण समारोह आइतबार हुने तय भएको छ।